नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

# केन्द्रीय पार्टी स्कूल विभागद्वारा निर्धारित पाठ्यक्रम

## एक

## आधारभूत तह

**लक्षित पार्टी पंक्तिः** प्रवेशपत्र प्राप्त व्यक्तिहरु, पार्टी सदस्हरु र संगठित सदस्य बन्न चाहने व्यक्तिहरु तथा जन संगठनका साधारण सदस्य र प्रारम्भिक एवम् शाखा तहमा संगठित व्यक्तिहरु ।

**पाठ्यक्रमको उद्देश्य** :

लक्षित पार्टी पंक्तिले यस पाठ्यक्रमको माध्यमबाट

१. विभिन्न राजनीतिक शब्दहरुको ज्ञान प्राप्त गर्ने छ ।
२. पार्टी र यसको आवश्यकता वारे आधारभुत ज्ञान प्राप्त गर्नेछ ।
३. नेकपाका नीति, कार्यक्रम, कार्यनीति, कार्यदिशा, कार्यशैली आदिको प्रारम्भिक जानकारी प्राप्त गर्नेछ ।
४. पार्टी सदस्यहरुका प्रकार एवम् तिनका अधिकार र कर्तव्य तथा प्राप्त गर्ने प्रकृया वारे प्रष्ट हुनेछ ।
५. नेकपाको साँगठनिक ढाँचावारे प्रारम्भिक जानकारी प्राप्त गर्नेछ ।

**पाठ्यक्रम**

१. निम्न शब्दहरुको संक्षिप्त परिचय

   १. व्यक्ति/मानिस २. परिवार, ३. समाज, ४. वर्ग, ५. जाति, ६. सामन्त, ७. सामन्तवाद ८. श्रम ९. श्रमजीवि १०. किसान, ११. मजदुर, १२. सर्वहारा, १३. पूँजी, १४. पूँजीपति (बर्जुवा) १५. पूँजीवाद, १६. साम्राज्यवाद, १७. उपनिवेशवाद, १८. अर्ध उपनिवेश, १९. अर्ध सामन्ती, २०. जनवाद, २१.जनताको जनवाद, २२. जनताको बहुदलीय जनवाद, २३. समाजवाद, २४. साम्यवाद, २५. क्रान्ति, २६. राष्ट्र, २७. राष्ट्रियता, २८. राज्य/राज्यसत्ता, २९ देश, ३० राजनीति, ३१ मार्क्सवाद-लेनिनवाद

२. राजनीतिक दल परिचय

- पार्टी र यसको आवश्यकता
- नेपालका राजनीतिक दलहरु ।
- नेकपाका नीति र कार्यक्रमको सामान्य जानकारी

३.पार्टी विधानको परिचय

- विधानको परिभाषा र महत्व ।
- सदस्यका प्रकार
- पार्टी सदस्यका योग्यता र प्राप्त गर्ने प्रकृया
- पार्टी सदस्यका अधिकार र कर्तव्य
- संगठित सदस्यको योग्यता र प्राप्त गर्ने प्रकृया
- संगठित सदस्यका अधिकार र कर्तव्य

- पार्टीका केन्द्रीय र स्थानीय निकायहरु
- सपथ र सपथको व्यहोरा

पाठ्यपुस्तक :

१. पार्टी शिक्षा भाग १

सन्दर्भ सामग्री

१. पार्टी अन्तरिम विधान - २०७५ ।

२. पार्टीको राजनीतिक प्रतिवेदन ।

# दुई

## प्राथमिक तह

**लक्षित पार्टी पंक्ति :** पार्टीका संगठित सदस्यहरु, प्रारम्भिक तथा शाखा तहका कमिटी र परिषदमा संगठित व्यक्तिहरु, निर्वाचन क्षेत्र तहका कमिटी र परिषदका सदस्यहरु तथा जनसंगठनका निर्वाचन क्षेत्रमा संगठित व्यक्तिहरु ।

पाठ्यक्रमको उद्देश्य :

लक्षित पार्टी पंक्तिले यस पाठ्यक्रमको माध्यमबाट

१. विभिन्न राजनीतिक-सैद्धान्तिक शब्दहरुको ज्ञान प्राप्त गर्नेछ ।

२. कम्युनिष्ट पार्टी र यसको आवश्यकता वारे जानकारी प्राप्त गर्नेछ ।

३. नेकपाका नीति र कार्यक्रम तथा अन्य पार्टीसँगका भिन्नता वारे जानकारी प्राप्त गर्ने छ ।

४. समाजमा रहेको वर्गीय भिन्नता बुझ्न र आफ्नो वर्ग चिन्न सक्नेछ ।

५. समाज, राज्य र राजनीति वारे प्रारम्भिक ज्ञान हासिल गर्नेछ ।

६. कम्युनिष्ट शैली, पद्धती र अनुशासनको वारेमा जानकारी प्राप्त गर्न सक्नेछ ।

७. संगठित किन हुने, आन्दोलन कसरी गर्ने र क्रान्तिको आवश्यकता किन छ भन्ने वारेमा सामान्य ज्ञान प्राप्त गर्नेछ ।

**पाठ्यक्रम**

१. राजनीतिक शब्द परिचय

१. कार्यक्रम, २. कार्यनीति, ३. कार्यदिशा, ४. कार्यशैली, ५. रणनीति, ६. सिद्धान्त, ७. विचारधारा, ८. लक्ष्य, ९. बाटो/साधन, १०. नेतृत्व, ११. नेतृत्वदायी शक्ति, १२. मित्र शक्ति, १३. सत्रु शक्ति, १४. अन्तरविरोध, १५. दर्शन/दर्शनशास्त्र, १६. अर्थशास्त्र, १७. समाजशास्त्र, १८. इतिकास, १९. धर्म, २०. संस्कृति, २१. साहित्य, २२. कला, २३. परिवर्तन, २४. आमुल परिवर्तन, २५. शोषण, २६. शोषक, २७. शोषित, २८. पिडित, २९. पिडक, ३०. मुक्ति ।

२. समाज परिचय

- समाजको परिभाषा र विकासक्रम
- नेपाली समाजको समान्य चिनारी

३. राज्य र राजनीतिको परिचय

- राजनीतिको परिभाषा, आवश्यकता र महत्व ।
- राज्यको परिभाषा र त्यसका काम कर्तव्य ।
- क्रान्तिको परिभाषा, आवश्यकता र महत्व ।

४. वर्ग परिचय

- वर्गको परिभाषा र वर्ग विश्लेषणको महत्व ।

- वर्गीय हित र वर्ग संघर्ष ।

५. संगठन परिचय

- संगठनको परिभाषा, प्रकार र महत्व
- संगठन निर्माण र सञ्चालन विधि
- संगठित जीवन र अनुशासन
- विभिन्न खाले राजनीतिक दल

६. कम्युनिष्ट परिचय

- कम्युनिष्टको परिचय तथा यसका लक्ष्य र नीतिहरु
- कम्युनिष्ट शैली, पद्धती र अनुशासन
- कम्युनिष्ट पार्टी नै किन ?

७. नेकपाका नीति कार्यक्रमको परिचय

- नेकपाका मुख्य कार्यक्रमिक मान्यताहरु (राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक)
- पार्टीको मुख्य कार्यनीति एवम् कार्यदिशा
- तात्कालिक राजनीतिक परिस्थिति र नेकपाको दृष्टिकोण ।

**पाठ्यपुस्तक :**

१. पार्टी शिक्षा भाग २

**सन्दर्भ सामग्री**

१. पार्टीको अन्तरिम विधान - २०७५ ।

२. पार्टीको राजनीतिक प्रतिवेदन ।

३. साम्यवादका सिद्धान्त - फ्रेडरिक एंगेल्स

# तीन

# माध्यमिक तह

**लक्षित पार्टी पंक्ति** : जिल्ला कमिटी र परिषदका सदस्यहरु, निर्वाचन क्षेत्रीय कमिटीका पदाधिकारीहरु, प्रदेश सम्पर्क कमिटीका सदस्यहरु, जिल्ला सम्पर्क मञ्चका पदाधिकारीहरु तथा जनसंगठनका प्रदेश स्तरीय कमिटीका सदस्य र जिल्ला स्तरीय कमिटीका पदाधिकारीहरु ।

## पाठ्यक्रमको उद्देश्य

लक्षित पार्टी पंक्तिले यस पाठ्यक्रमको माध्यमबाट

१. विभिन्न राजनैतिक-सैद्धान्तिक शब्दहरुको ज्ञान प्राप्त गर्नेछ ।
२. आफ्नो कर्तव्य र अधिकारप्रति प्रष्ट बन्ने छ ।
३. नेकपाका कार्यक्रम र नीतिको थप जानकारी पाउनेछ ।
४. अन्य पार्टीसँग हाम्रो पार्टीको तुलनात्मक विश्लेषण गर्न सक्नेछ ।
५. समाजको विकासक्रम र आफ्नो समाजको चरित्र बुझ्न सक्नेछ ।
६. आफ्नो वर्ग चिन्न, वर्ग विश्लेषण गर्न र वर्ग हित बुझ्न सक्ने छ ।
७. राज्य र राजनीति वारे थप ज्ञान प्राप्त गर्ने छ ।
८. मार्क्सवादको सामान्य ज्ञान प्राप्त गर्ने छ ।
९. नेपाल कम्युनिष्ट पार्टीको इतिहासवारे सामान्य जानकारी हासिल गर्नेछ ।
१०. संगठन निर्माण र सञ्चालन सम्बन्धमा प्रारम्भिक ज्ञान प्राप्त गर्नेछ ।

## पाठ्यक्रम

राजनीतिक शब्द परिचय

१. बाद, २. भाववाद, ३. अध्यात्मवाद, ४. भौतिकवाद, ५.द्वन्द्वात्मक भौतिकवाद, ६. ऐतिहासिक भौतिकवाद, ७. पदार्थ, ८. गति, ९.चेतना, १०. ज्ञान, ११. ज्ञान सिद्धान्त, १२. उत्पादन, १३. उत्पादक शक्ति, १४. उत्पादन सम्बन्ध १५. उत्पादनका साधन, १६. स्वामित्व, १७. श्रम शक्ति , १८. श्रमका साधन, १९. श्रमको वस्तु, २०. श्रमको मूल्य, २१. वितरण/विनिमय, २२. उपभोग, २३. प्रगति, २४. प्रगतिशीलता, २५. प्रतिगमन, २६. प्रतिकृयावाद, २७. वर्ण, २८. वर्णाश्रम, २९. वर्ण भेद, ३०. समता, ३१. समानता, ३२. समावेशीता, ३३. वामपन्थ, ३४. उग्रवामपन्त, ३५. दक्षिण पन्थ, ३६. धर्म निरपेक्षता, ३७. धार्मिक स्वतन्त्रता, ३८.कार्यगत एकता, ३९. संयुक्त मोर्चा, ४०. सहकार्य ।.

## विषय : दर्शन/शिद्धान्त

१. मार्क्सवाद-लेनिनवादको सामान्य परिचय
- मार्क्सवादको सामान्य परिभाषा र यसको उदयको पृष्ठभूमि
- मार्क्सवादका तीन श्रोत र ती संघटक अंगहरु
- मार्क्सवादका मुख्य प्रस्थापनाहरु
- मार्क्सवादी दर्शनका दुई हाँगा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद
- द्वन्द्वात्मक भौतिकवादको सामान्य परिचय र यसका मूल नियमहरु
- ऐतिहासिक भौतिकवादको सामानय परिचय र यसका मूल नियमहरु

- लेनिनवादको सामान्य चिनारी
- मार्क्सवाद-लेनिनवादलाई हामी किन मार्गदर्शक सिद्धान्त मान्छौं ।

२. जनताको जनवादको सामान्य परिचय

**विषय : समाजशास्त्र**

१ समाज र यसको विकास क्रम

- समाजको परिभाषा, उदय र यसका संघटक अंगहरु
- समाजको परिवर्तनशीलता र यसका कारणहरु
- आदिम सामुदायिक समाज र यसका विशेषताहरु
- दास प्रथात्मक समाज र यसका विशेषताहरु
- सामन्तवाद र यसका विशेषताहरु
- पूँजीवाद, यसको चरित्र र अन्तरविरोधहरु
- समाजवाद र यसको विशेषता

२. नेपाली समाज

- नेपाली समाजको उत्पत्ती र विकास ।
- वर्तमान नेपाली समाजको आर्थिक-सामाजिक चरित्र ।
- वर्तमान नेपाली समाजको राजनीतिक चरित्र (राज्यसत्ता, शासन प्रणाली र शक्ति सन्तुलन)
- वर्तमान नेपाली समाजको जातीय बनौट र साँस्कृतिक विशेषताहरु
- भाषिक, धार्मिक र भौगोलिक विविधताहरु
- लैंगिक असमानता र साँस्कृतिक विभेद ।
- बाह्य शोषण उत्पीडन

३ वर्ग र वर्ग विश्लेषण

- वर्ग र वर्ग विश्लेषणका आधार
- वर्ग श्रोत, वर्ग चरित्र र वर्ग स्वरुप
- वर्गीय नीति र वर्गीय दृष्टिकोण
- हाम्रो समाजको वर्गीय संरचना
- वर्ग संघर्ष र यसका रुपहरु

४. क्रान्ति र क्रान्तिका सिद्धान्त

- क्रान्तिका आधार एवम् कारणहरु
- क्रान्तिको अनिवार्यता
- क्रान्तिका कार्यक्रम, राण्नीति र कार्यनीति
- विभिन्न चरित्रका क्रान्तिहरु
- नेपाली क्रान्तिको अवको दिशा, चरित्र र मार्ग

- क्रान्तिमा जनता र नेताको भूमिका

**विषय : राजनीतिशास्त्र र पार्टी राजनीति**

१. राजनीति र राज्य

- राजनीतिको परिभाषा र यसको वर्गीय चरित्र
- समाजमा राजनीतिको भूमिका र महत्त्व
- राज्यको परिभाषा, उत्पत्ति र विकास
- राज्यका संघटक अंगहरु र तिनको भूमिका
- राज्यको वर्गीय चरित्र र पक्षधरता
- राज्यका विविध रुप
- राज्य, राष्ट्र, देश र सरकारबीचका भिन्नताहरु
- राज्यविहिन समाज

२. नेपालका राजनीतिक पार्टीहरुको तुलनात्मक अध्ययन

- नेकपा र यसको कार्यदिशा
- नेपाली काँग्रेस र "प्रजातान्त्रिक समाजवाद"
- राष्ट्रिय प्रजातन्त्र पार्टी र "उदारवाद"
- राजपा र समाजवादी पार्टी
- अन्य कम्युनिष्ट तथा वामपन्थी समुहहरु ।
- तत्कालिन राजनीतिक परिस्थिति र विभिन्न दलका दृष्टिकोण
- दलहरुबीच अन्तरविरोध, सहकार्य र संघर्ष
- द्वन्द्व, वार्ता र सहमती

**विषय : संगठनात्मक सिद्धान्त र पार्टी जीवन**

- संगठन र संगठनात्मक सिद्धान्तको परिभाषा
- पार्टी र जनसंगठनको परिभाषा र महत्व
- हाम्रो संगठनात्मक सिद्धान्त र साँगठनिक संरचना
- जनवादी केन्द्रीयताः सिद्धान्त र प्रयोग
- जनवादी केन्द्रीयता र लोकतान्त्रिक विधि
- पार्टी कमिटीहरुका अधिकार र कर्तव्य ।
- पार्टी र जनसंगठनको अन्तरसम्बन्ध
- बैठक, अधिवेशन र भेलाहरु
- शैली, पद्धती र अनुशासन
- अन्तरपार्टी जनवाद र अन्तरपार्टी संघर्ष
- सदस्यताको समाप्ति र अनुशासनको कार्वाही
- कम्युनिष्ट नैतिकता, आचारण र जीवनशैली

- जनशैली, जनसम्पर्क र जनसम्बन्ध

**विषय : अर्थशासत्र र सहकारी आन्दोलन**

- अर्थशास्त्रको परिभाषा, विषयवस्तु र महत्व ।
- समाजमा आर्थिक सम्बन्धहरुको प्रभाव
- उत्पादक शक्ति र उत्पादन सम्बन्धहरु
- श्रम, उत्पादन र वितरण तथा श्रम मूल्य सिद्धान्त
- सहकारीको परिभाषा र महत्व ।
- सहकारीका मूलभूत सिद्धान्तहरु
- अर्थशास्त्रमा सहकारीको स्थान
- हाम्रो समाजमा सहकारीको प्रभाव
- तीनखम्वे अर्थनीतिमा सहकारीको स्थान
- नेपालको वर्तमान आर्थिक अवस्था (कृषि, उद्योग, व्यापार, सेवा आदि) र भावी सम्भावना

**विषय : इतिहास**

१. विश्व र नेपालको संक्षिप्त इतिहास
   - इतिहासको परिभाषा र यसका स्रोतहरु
   - इतिहासमा काल गणना र युग निर्धारण
   - विश्वको संक्षिप्त इतिहास
   - नेपाली इतिकासको छोटा परिचय

२. नेकपाको संक्षिप्त इतिहास
   - स्थापनाको पृष्ठभूमि र संस्थापकहरु
   - सात सालको क्रान्तिमा पार्टीको भूमिका
   - प्रथम सम्मेलन - २००८
   - प्रथम महाधिवेशन - २०१०
   - दोस्रो सम्मेलन - २०१२
   - दोस्रो महाधिवेशन - २०१४
   - सत्र सालमा पार्टीको भूमिका र दरभङ्गा प्लेनम- २०१७
   - तेस्रो महाधिवेशन - २०१९
   - विभाजन र एकीकरण
   - नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमान अवस्था र भविष्य

३. अन्तराष्ट्र्य कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास

**विषय : साहित्य, कला र संस्कृति**

- साहित्य, कला र सँस्कृतिको परिभाषा

- साहित्य, कला र सँस्कृतिका आधार एवम् श्रोतहरु
- साहित्य, कला र सँस्कृतिका प्रकार
- समाजमा साहित्य, कला र सँस्कृतिको प्रभाव
- प्रगतिशील साहित्य, कला र सँस्कृति के हो ?
- समाज परिवर्तनमा प्रगतिशील साहित्य, कला र सँस्कृतिको भूमिका ।

**विषय : व्यवस्थापन**

- व्यवस्थापनको सामान्य परिचय
- कमिटीका बैठक व्यवस्थापन
- भेला, सम्मेलन तथा अधिवेशन व्यवस्थापन
- कार्यालय व्यवस्थापन
- श्रोत व्यवस्थापन
- सूचना व्यवस्थापन

**विषय : विज्ञान र प्रविधि**

- वैज्ञानिक दृष्टिकोणको महत्व
- विज्ञान र मानव जीवनको अन्तर्सम्बन्ध
- विज्ञानका नविनतम प्रगतिहरु
- प्रविधि र प्राविधिक शिक्षाको महत्व
- सूचना प्रविधि र त्यसको महत्व ।

**विषय : स्वास्थ्य र वातावरण**

- स्वास्थ्य र वातावरणको महत्व
- मानव शरिरको सामान्य ज्ञान
- स्वस्थ शरिरको महत्व र आधार
- खानपान र स्वास्थ्य
- श्रम र स्वास्थ्य
- योगाशन र स्वास्थ्य
- आफ्नो उपचार आफैं

**पाठ्यपुस्तक :**

१. पार्टी शिक्षा भाग ३

**सन्दर्भ सामग्री**

| | | |
|---|---|---|
| १. मार्क्सवादी दर्शन | - | वेदुराम भुसाल |
| २. मार्क्सवादका आधारभुत सिद्धान्तहरु | - | गोपीरमण उपाध्याय |
| ३. मार्क्सवादका तिन श्रोत र तिन संघटक अंग | - | लेनिन |
| ४. द्वन्द्वात्मक भौतिकवाद | - | मोरिस कन्फोर्थ |

५. ऐतिहासिक भौतिकवाद - मोरिस कन्फोर्थ
६. भारतीय दर्शन : सरल परिचय - देवि प्र. चट्टोपाध्याय
७. समाज विकास र शब्दार्थ - पुष्पलाल
८. नेपालमा मातृसत्तात्मक समाज - पुष्पलाल
९. नेपाली कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास - पुष्पलाल
१०. नेपाल कम्युनिष्ट पार्टी र यसको कार्य पद्धति - पुष्पलाल
११. राज्य र क्रान्ति - लेनिन
१२. पार्टीभित्रका गलत विचारहरुलाई सुधार्ने बारे - माओत्सेतुङ
१३. पार्टी संगठनको सिद्धान्त र कार्यपद्धति बारे - लेनिन, स्तालिन, माओ
१४. अन्तर पार्टी संघर्ष बारे - ल्यू शाओ ची
१५. असल कम्युनिष्ट कसरी बन्ने ? - ल्यू शाओ ची
१६. मार्क्सवादी अर्थशास्त्र - विजय पौडेल
१७. संक्षिप्त राजनीतिक अर्थशास्त्र - ल. लेओत्येम
१८. राजनीतिक अर्थशास्त्रको मूलभूत सिद्धान्त - संघाई टेक्स्टवुक, भाग १ र २
१९. कम्युनिष्ट पार्टीको घोषणापत्र - मार्क्स - एंगेल्स
२०. जीवाणुदेखि मानवसम्म - मोदनाथ प्रश्रित
२१. मानव जाति की उत्पत्ति - वलेरी अलेक्सेयव
२२. प्राचीन विश्व इतिहास का परिचय - फ्योदोर कोरोव्किन
२३. मध्ययुगका इतिहास - ये. अगिबालोवा, ग दोन्स्कोय
२४. आधुनिक विश्व इतिहास - ब्लादिमिर अलेक्सान्द्रोव
२५. नविन दृष्टिमा नेपालको प्रचीन इतिहास - केदार प्रधान
२६. वर्ग विश्लेषण सम्बन्धमा - ईश्वर पोखरेल र उमेश उपाध्य
२७. सहकारी सिद्धान्त र प्रयोग - केशव बडाल
२८. The Origi of life on the earth - A. I. Oparin
२९. People'S History of the World - Chris Harman
३०. पार्टी दस्तावेजहरु

# चार

# उच्च तह

**लक्षित समूह** : प्रदेश समन्वय कमिटीका सदस्य र जिल्ला कमिटीका पदाधिकारीहरु, राष्ट्रिय प्रतिनिधि परिषदका सदस्यहरु, जनसंगठनका प्रदेश स्तरीय संगठनका पदाधिकारी र केन्द्रीय सदस्यहरु, पार्टीका साँसदहरु तथा पार्टीको केन्द्रीय विभागका सदस्यहरु ।

**पाठ्यक्रमको उद्देश्य :**

यस पाठ्यक्रमको माध्यमबाट लक्षित पार्टी पंक्तिले

१. मार्क्सवादका आधारभूत सिद्धान्तहरुको जानकारी प्राप्त गर्नेछ ।
२. मार्क्सवादको सृजनात्मक प्रयोगको सम्बन्धमा जानकारी प्राप्त गर्नेछ ।
३. अर्थशास्त्र र सहकारी आन्दोलन वारे बुझ्ने छ ।
४. विश्व कम्युनिष्ट आन्दोलनको सामान्य जानकारी प्राप्त गर्नेछ ।
५. मानव समाजको विकासक्रम वारे थाहा पाउने छ ।
६. विश्व इतिहास र नेपालको इतिहास वारे थाहा पाउनेछ ।
६. नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास बुझ्न सक्षम हुनेछ ।
७. समाज विज्ञान र राजनीतिकशास्त्रका वारे बुझ्ने छ ।
८. पार्टीका सिद्धान्त, कार्यक्रम रणनीति र कर्यानीति वारे थप जानकारी प्राप्त गर्नेछ ।
९. पार्टीको संगठनात्मक सिद्धान्त, कमिटी प्रणाली वारे थप जानकारी पाउने छ ।
१०. वर्ग विश्लेषण गर्न र आफ्नो वर्ग दृष्टिकोण प्रष्ट पार्न सक्नेछ ।
११. आफ्नो कार्य क्षेत्रमा तोकिएको दायित्ववारे स्पष्ट बोध हासिल गर्नेछ ।
१२. व्यवस्थापन सम्बन्धमा सामान्य ज्ञान हासिल गर्नेछ ।
१३. कम्युनिष्ट नैतिकता र आचारण वारे बुझ्ने छ ।
१४. साहित्य, कला र सँस्कृति वारे समान्य ज्ञान हासिल गर्नेछ ।
१५. परराष्ट्र सम्बन्ध र कुटनीतिक वारे सामान्य ज्ञान हासिल गर्नेछ ।
१६. विज्ञान र प्रविधिको वारेमा सामानय जानकारी प्राप्त गर्ने ।
१७. स्वास्थ्य र वातावरणको सम्बन्धमा सामान्य ज्ञान हासिल गर्ने ।

**पाठ्यक्रम**

**विषय : दर्शनशास्त्र**

१. दर्शन परिचय

- दर्शनको परिभाषा, विषयवस्तु र महत्व
- दर्शनका मुलभूत प्रश्नहरु र वर्गीकरण
- भाववाद र भौतिकवाद बीचका भिन्नताहरु
- चिन्तनमा वस्तुगत परिस्थितिको प्रभाव
- दार्शनिक चिन्तनको प्रारम्भ र विकास
- भौतिकवादको विकासक्रम - स्वतःस्फूर्त प्रकृतिवादी भौतिकवाद, यान्त्रिक एवम् भद्दा भौतिकवाद,

- अधिभैतिकवाद र द्वन्द्वात्मक भौतिकवाद
- भाववादका दुई धारा : आत्मगत भाववाद र वस्तुगत भाववाद ।
- अधिभौतिकवाद र द्वन्द्वात्मक भौतिकवाद बीचका भिन्नताहरु
- मार्क्सवादको सिर्जनाका आधारहरु
- मार्क्सवादका तिन संघटक अंग (दर्शन, समाज विज्ञान र अर्थशास्त्र)
- मार्गदर्शक सिद्धान्तको रुपमा मार्क्सवादी दर्शन
- मार्क्सवादी दर्शनका दुई हाँगा : द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद

२ द्वन्द्वात्मक भौतिकवाद

- द्वन्द्वात्मक भौतिकवादको परिभाषा (द्वन्द्व र द्वन्द्वात्मकता)
- पदार्थ, गति, गतिका रुप तथा चेतना र यसको विकास
- नियमको परिभाषा र द्वन्द्ववादका मुल नियमहरु
  - प्रतिपक्षको एकता र संघर्ष (अन्तरगमन)
  - मात्रात्मक परिवर्तन र गुणात्मक फड्को
  - निषेधको निषेध
- द्वन्द्ववादका प्रमुख प्रवर्गहरु
  - व्यष्टि र समष्टि वा विशिष्ट र सामान्य
  - सार र रुप
  - स्वत्व र घटनाक्रम वा अन्तरवस्तु र आकृति
  - वास्तविकता र सम्भावना
  - कारण र कर्या
  - नियमितता र वास्तविक

३. ऐतिहासिक भौतिकवाद

- ऐतिहासिक भौतिकवादको परिभाषा र विषयवस्तु
- समाज विकासका मूलभुत नियमहरु
  - वस्तु उत्पादको निर्णायक भूमिका हुन्छ ।
  - आधार अनुरुपको संरचना बन्दछ ।
  - चेतनाको निर्धारण अस्तित्वले गर्दछ ।
  - वर्ग संघर्ष परिवर्तनको मूल कडी हो ।
  - इतिहासका निर्माता श्रमजीवि जनता हुन् ।
- जाति, भाषा, धर्म, सँस्कृतिको उत्पत्ति र विकास
- वर्ग, वर्ग संघर्ष, राज्य र क्रान्ति
- समाज विकासका चरणहरु

४. द्वन्द्ववादी ज्ञान सिद्धान्त

- ज्ञानको परिभाषा र आधार एवम् श्रोत

- वस्तु परावर्तन, संवेदना र अनुभूति
- इन्द्रीयजन्य ज्ञान र तार्किक ज्ञान
- ज्ञानको कसी व्यवहार
- वैज्ञानिक ज्ञान र त्यसको विधि
- शंश्लेषण र विश्लेषण
- आगमन र निगमन
- सापेक्ष सत्य र निरपेक्ष सत्य

५. मार्क्सवादको सृजनात्मक प्रयोग र विकास

- सार्वभौम र विशिष्ट सच्चाइहरु
- विसर्जनवाद र जडसुत्रवाद विरुद्धको संघर्ष
- मार्क्सवादको विकासमा लेनिनका योगदानहरु
- मार्क्सवादको विशिष्ट प्रयोग र सृजनात्मक विकासका विभिन्न अनुभवहरु (रुस, चीन, भियतनाम, कोरिया, क्यूबा, मंगोलिया, पूर्वी यूरोप, दक्षिण अफ्रिका र नेपाल)

६. जनवाद र यसका प्रकार

- जनवाद/प्रजातन्त्र (democracy)
- सामाजिक जनवाद (social democracy)
- जनताको जनवाद (people's democracy)
- राष्ट्रिय जनवाद (national democracy)
- नयाँ जनवाद (new democracy)
- जनताको बहुदलीय जनवाद (multi party people's democracy)

**पाठ्य सामग्री**


१. मार्क्सवादी दर्शन - वेदुराम भुसाल
२. मार्क्सवादका आधारभूत सिद्धान्तहरु - गोपीरमण उपाध्याय
३. द्वन्द्वात्मक भौतिकवाद - मोरिस कन्फोर्थ
४. ऐतिहासिक भौतिकवाद - मोरिस कन्फोर्थ
५. भारतीय दर्शन : सरल परिचय - देवि प्र. चट्टोपाध्याय
६. द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद - जे.भि. स्टालिन
७. दर्शनशास्त्रको प्रारम्भिक ज्ञान - भि. अफानासेयव
८. केही दार्शनिक निवन्ध - गोपीरमण उपाध्याय
९. नेपालमा प्रचलित दार्शनिक चिन्तनहरु - बेदुराम भुसाल
१०. मार्क्सवादी दर्शन - मोहन वैद्य किरण
११. प्राचीन भारत मे भौतिकवाद - दे.प्र. चट्टोपाध्याय
१२. लेनिनवादका आधारहरु - जे.भि. स्टालिन
१३. Dialectical materialism - A. Spirkin.
१४. Marxist Leninist Philosophy - A. P. Septulin

१५. The revolutionary ideas of Karl Marx - Callinicos.
१६. Four essays on philosophy - Mao.
१७. Reason in Revolt Marxist philosophy and modern science - Alan Woods & Ted Grant

**विषय : राजनीतिक अर्थशास्त्र र सहकारी आन्दोलन**

१. राजनीतिक अर्थशास्त्र

- विशुद्ध अर्थशास्त्र र राजनीतिक अर्थशास्त्र
- राजनीतिक अर्थशास्त्रको परिचय, अध्ययनको क्षेत्र र महत्व
- श्रम, उत्पादन र वितरण तथा श्रम मूल्य सिद्धान्त
- पूँजीवादी विकासको संक्षिप्त इतिहास
- अतिरिक्त मूल्यको सिद्धान्त
- साम्राज्यवाद र यसको शोषणका वर्तमान रुपहरु
- नेपालको वर्तमान आर्थिक अवस्था
- औद्योगिक अर्थतन्त्र, कृषि अर्थतन्त्र र सहकारी अर्थतन्त्र ।
- नेकपाको आर्थिक कार्यक्रम र नीतिहरु

२. सहकारी आन्दोलन

- सहकारी सिद्धान्तको परिचय
- सहकारी आन्दोलनको संक्षिप्त इतिहास
- सहकारी आन्दोलनको महत्व र फाइदा
- नेपालमा सहकारी आन्दोलन र तीन खम्बे अर्थनीति
- समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका
- नेपालमा सहकारी आन्दोलनको वर्तमान अवस्था

**पाठ्य सामग्री**

१. मार्क्सवादी अर्थशास्त्र - विजय पौडेल
२. संक्षिप्त राजनीतिक अर्थशास्त्र - ल. लेओत्येम
३. राजनीतिक अर्थशास्त्रको मूलभूत सिद्धान्त - संघाई टेक्स्टवुक, भाग १ र २
४. नेपालमा औद्योगिकरणका समस्या - भरतमोहन अधिकारी
५. भूमी र कृषिको अर्थराजनीति - केशव बडाल
६. The Student's Marx - Edward Eveling
७. Fundamentals of political economy - Ryndina, Chernikov & Khudokormov.
८. Marxist economic theory - E. Mandel.

**विषय : समाज शास्त्र/समाज विज्ञान**

१. परिभाषा र क्षेत्र :

- समाज विज्ञानको परिभाषा र क्षेत्र ।

- समाज विज्ञानको महत्व
- समाज विज्ञानको संक्षिप्त इतिहास

२. समाजवाद सम्बन्धी विभिन्न मान्यता
- काल्पनिक र प्रजातान्त्रिक समाजवाद
- वैज्ञानिक समाजवाद र समाजवाद प्राप्तिको बाटो
- सोभियत मोडेलको समाजवाद र यसको विफलता
- साम्यवादः एक आदर्श लक्ष्य

३. वर्ग, वर्ग विश्लेषण र वर्ग संघर्ष
- वर्ग र वर्गको उत्पत्ति
- वर्ग, समुदाय र तह/तप्काहरु
- स्वामित्व र वर्ग वीचको सम्बन्ध
- वर्ग र राजनीतिक पार्टीहरु
- वर्गहरु बीचको अन्तर्सम्बन्ध र अन्तर्विरोध
- वर्ग संघर्षका स्वरुप र परिणामहरु
- वर्ग श्रोत, वर्ग स्वरुप र वर्ग संक्रमण
- वर्ग विश्लेषणको आवश्यकता र वर्ग विश्लेषण गर्ने आधारहरु
- शहरी र ग्रामिण समाजको वर्ग विश्लेषण
- वर्ग नीति र वर्ग दृष्टिकोण
- बढ्दो शहरीकरणले वर्गस्वरुपमा पारेको प्रभाव
- उदारीकरण र विश्वव्यापीकरणले वर्गीय संरचनामा पारेका प्रभावहरु
- वर्तमान अवस्थामा वर्ग संघर्षको सञ्चालन

४. लैंगिक विभेद र महिला मुक्ति आन्दोलन

५. जातीय विभेद, छुवाछुतप्रथा र दलित मुक्ति आन्दोलन

६. क्रान्ति र क्रान्तिको कार्यक्रम
- क्रान्तिको परिभाषा, काम र महत्व
- कार्यक्रमको परिभाषा तथा अधिकतम र न्यूनतम एवम् आम र ठोस (विशिष्ट) कार्यक्रम
- पुरानो पूँजीवादी जनवादी र नयाँ जनवादी कार्यक्रम बीचका समानता र भिन्नताहरु
- नेपाली समाजको वर्तमान अवस्था,
- नेपाली क्रान्तिको कार्यक्रम एवम् जनताको जनवाद र यसका राजनीतिक, आर्थिक र सामाजिक नीतिहरु

७. क्रान्तिको रणनीति/दीर्घकालीन नीति
- रणनीतिको परिभाषा र चरित्र
- समाजका आधारभूत र प्रधान अन्तरविरोध

- नेपाली क्रान्तिको अवको दिशा र मार्ग
- पूर्वाधार निर्माण र समाजवादमा संक्रमण

८. क्रान्तिको कार्यनीति/तात्कालिक नीति

- कार्यनीतिको परिभाषा र चरित्र वा लचकता
- शक्ति सन्तुलन र अन्तरविरोधको वर्तमान अवस्था
- कर्यानीतिक कार्यदिशा र तात्कालिक मुख्य नारा
- विचारधारात्मक क्षेत्रमा पार्टी नीति
- संगठनात्मक क्षेत्रमा पार्टी नीति
- संघर्षको क्षेत्रमा पार्टी नीति
- प्रचारको क्षेत्रमा पार्टी नीति
- संयुक्त मोर्चा सम्बन्धी पार्टी नीति
- अन्य समूहहरुका नीतिहरुसँग तुलनात्मक अध्ययन

**पाठ्य सामग्री**

१. समाजवादः काल्पनिक र वैज्ञानिक - एँगेल्स
२. मानव समाज - राहुल सांकृत्यान
३. हाम्रो समाजः एक अध्ययन - जनकलाल शर्मा
४. पुष्पलाल छानिएका रचना (भाग १ देखि ४) - पुष्पलाल
५. मदन भण्डारीका संकलित रचनाहरु (भाग १ देखि ७) - मदन भण्डारी
६. नेपाली क्रान्तिका समस्या (भाग १ देखि ४) - प्रचण्ड
७. नारी : वन्धन र मुक्ति - मोदनाथ प्रश्रित
८. Marxist-Leninist Theory of Society - V.D.Zotab
९. The Position of women in Hindu Eitilization - A.S. Alteka
१०. How to change the world - Eric Hobswam

**विषय : इतिहास**

१. मानव समाजको संक्षिप्त इतिहास

- समाज र इतिहासको परिभाषा
- समाज निर्माणका आधार तथा इतिहासका श्रोत सामग्रीहरु
- समाज र इतिहासलाई हेर्ने दुई खाले दृष्टिकोण
- जीवनको उत्पत्रि र विकास
- मावन जातीको उद्‌विकास र समाजको प्रारम्भ
- समाज विकासका चरणहरु
  - आदिम समुदायिक समाज र यसका विशेषताहरु
  - दास प्रथात्मक समाज र यसका विशेषताहरु
  - सामन्ती समाज र यसका विशेषताहरु

- पँजीवादी समाज र यसका विशेषताहरु
- समाजवादी समाज र यसका विशेषताहरु

२. नेपालको ऐतिहासिक विकासक्रम

- नेपालको प्राग इतिहास र मातृसत्तात्मक समाज
- नेपालको प्रचीन इतिहास (किरात, गोपाल, महिषपाल, विदेह र शाक्य गणराज्यहरु)
- नेपालको मध्यकालीन इतिहास (लिच्छवी र मल्लकाल)
- नेपालको एकीकरण र आधुनिक काल
- नेपालमा साम्राज्यवादी हस्तक्षेप
- नेपालको सुधारवादी एवम् प्रजातान्त्रिक आन्दोलन र राणा विरोधी संघर्ष
- २००७ सालको परिवर्तन र त्यस यताको परिस्थिति
- नेपालको देशभक्तिपूर्ण र प्रजातान्त्रिक आन्दोलनमा जनताको भूमिका
- इतिहासबाट सिक्नु पर्ने पाठहरु

३. अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास

- मार्क्सवादको सिर्जना पूर्वका मजदुर आन्दोलनहरु
- कम्युनिष्ट लिग र कम्युनिष्ट घोषणापत्र
- प्रथम अन्तर्राष्ट्रिय र पेरिस कम्युन
- दोस्रो अन्तर्राष्ट्रिय र यसको पतन
- रुसी अक्टोवर समाजवादी क्रान्ति र तेस्रो अन्तर्राष्ट्रिय
- चिनियाँ, भियतनामी, कोरियाली, पूर्व यूरोपेली र क्यूवाली जनवादी क्रान्ति
- महाविवाद र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको विभाजन
- सोभियत संघको विघटन र पूर्व योरोपमा समाजवादको अस्थायी पराजय
- वर्तमान अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनभित्रका विभिन्न धाराहरु
- कम्युनिष्ट आन्दोलनमा उग्र वामपन्थी भड्काव र दक्षिणपन्थी अवसरवाद विरोधी संघर्ष
- कम्युनिष्ट आन्दोलनका चुनौति र सम्भावनाहरु

४. नेपाली कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास

- पार्टी स्थापना पूर्वको सामाजिक-आर्थिक अवस्था
- पार्टी स्थापना, पहिलो पर्चा र घोषणापत्र
- २००७ सालको क्रान्तिमा कम्युनिष्ट पार्टीको भूमिका
- पहिलो सम्मेलन २००८ र पार्टीको प्रतिबन्धित अवस्था
- प्रथम महाधिवेशन २०१० र पार्टी कार्यक्रम
- दोस्रो सम्मेलन, किसान आन्दोलन र प्रतिबन्ध फुकुवा
- दोस्रो महाधिवेशन र पार्टी नेतृत्वमा अवसरवादको नियन्त्रण
- २०१७ सालको प्रतिगमन, डा. रायमाझीको गद्दारी र दरभंगा प्लेनम

- तेस्रो महाधिवेशन र पार्टी विभाजनको शुरुवात
- २०२५ को तेस्रो सम्मेलन र पार्टी पुनर्गठनको पहिलो प्रयास
- झापा संघर्ष र को.के. निर्माण
- केन्द्रीय न्युक्लियस र चौथो महाधिवेशन
- नेकपा (माले) गठन, विकास र एकीकरणको विस्तार
- २०४६ सालको चौथों महाधिवेशन, बाममोर्चा र ऐतिहासिक जनआन्दोलन
- तत्कालीन नेकपा (माले) तथा मार्क्सवादीबीच एकता र नेकपक (एमाले) गठन
- पाँचौं महाधिवेशन, जवज र कमरेड मदन भण्डारी
- एकताको पाँचौं महाधिवेशन र नेकपा (माओवादी) को निर्माण
- छैठौं, सातौं, आठौं, नवौं महाधिवेशनहरु
- नेकपाको नेतृत्वमा सञ्चालित प्रमुख आन्दोलन र संघर्षहरु
- नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी र उग्रबामपन्थी भड्काव
- तत्कालीन नेकपा (एमाले) र नेकपा (माके) बीच एकता र नेकपा गठन
- अन्य कम्युनिष्ट समूहरु र तिनका नीतिहरु

**पाठ्य सामग्री**

१. परिवार, निजी सम्पत्ति र राज्यको उदय - एंगेल्स
२. मानव समाज - राहुल सांकृत्यायन
३. People's History of the World - Eric From
४. नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास - केदार प्रधान
५. नेपालमा राजतन्त्रको उत्पत्ति, विकास र त्यसको भविष्य - पुष्पलाल
६. नेपाली जनआन्दोलनः एक समीक्षा - पुष्पलाल
७. नेपालमा साम्यवादी आन्दोलन - भीम रावल
८. विश्वका प्रसिद्ध मजदुर आन्दोलन - का. रोहित
९. कम्युनिष्ट लिगको इतिहास वारे - एंगेल्स
१०. विश्व कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास - मोहन विक्रम सिंह
११. नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास (भाग १ र २)- सुरेन्द्र के.सी.
१२. नेकपाको अठार वर्षको क्रान्तिकारी संघर्षको सिंहावलोकन- पुष्पलाल
१३. इतिहासको यथार्थ समीक्षा गरौं - मदन भण्डारी

**विषय : राजनीतिशास्त्र र पार्टी राजनीति**

१. परिभाषा, क्षेत्र र इतिहास

- राजनीतिको परिभाषा र महत्व
- राजनीतिशास्त्रको परिभाषा र क्षेत्र
- राजनीतिशास्त्रको संक्षिप्त इतिहास
- राज्यको परिभाषा, उत्पत्ति र विकास ।

२. पार्टीको सिद्धान्त र राजनीति :

- सिद्धान्तको परिभाषा
- पार्टीको मूल सिद्धान्त
- सिद्धान्त निर्माणको प्रकृया र क्रान्तिमा सिद्धान्तको भूमिका
- पार्टीको राजनीतिक दृष्टिकोण

३. स्थानीय तह र सामाजिक संघ संस्थामा पार्टी काम

- संघीयता सम्बन्धी पार्टी दृष्टिकोण
- स्थानीय तहमा पार्टी कामको महत्व
- स्थानीय तहमा पार्टीको नेतृत्व
- स्थानीय तहको प्रभावकारी परिचालन
- सामाजिक संघ संस्थाहरुप्रतिको पार्टी दृष्टिकोण
- सामाजिक संघ संस्थाहरुसँग पार्टीको सम्बन्ध

४. परराष्ट्र सम्बन्ध र कुटनीति

- परराष्ट्र सम्बन्धको परिभाषा र क्षेत्र
- राज्य सञ्चालनमा परराष्ट्र सम्बन्धको महत्व
- परराष्ट्र सम्बन्धका विभिन्न पक्ष
- नेपालको परराष्ट्र सम्बन्ध सम्बन्धी नीति
- नेकपाको पराराष्ट्र सम्बन्ध सम्बन्धी नीति
- कुटनीतिको परिभाषा र महत्व
- कुटनीतिका विभिन्न पक्ष : राजनीतिक कुटनीति, आर्थिक कुटर्नीति र साँस्कृतिक कुटनीति ।
- राजनीति र कुटनीतिको अन्तरसम्बन्ध

**पाठय सामग्री**


१. लुई बोनापार्टको अठारौं ब्रुमेर - कार्ल मार्क्स
२. पेरिस कम्युन - कार्ल मार्क्स
३. फ्रान्समा गृहयुद्ध - कार्ल मार्क्स
४. गोथा कार्यक्रमको आलोचना - मार्क्स
५. राज्य र क्रान्ति - भि.आई. लेनिन
६. नयाँ जनवाद वारे - माओत्सेतुङ
७. राजनीतिक सिद्धान्त का इतिहास (४ खण्ड) - प्रगति प्रकाशन, मस्को
८. पुष्पलाल छानिएका रचना (भाग १ देखि ४) - पुष्पलाल
९. मदन भण्डारीका संकलित रचनाहरु (भाग १ देखि ७) - मदन भण्डारी
१०. नेपाली क्रान्तिका समस्या भाग १,२,३,४ - प्रचण्ड्
११. आजको मार्क्सवाद र नेपली क्रान्ति - घनश्याम भुसाल


**विषय : संगठनात्मक सिद्धान्त र पार्टी निर्माण**

१. संगठन र संगठनात्मक सिद्धान्त

- संगठनको परिभाषा र महत्व
- राजनीतिक संगठन र त्यसको आवश्यकता
- संगठनात्मक सिद्धान्तको परिभाषा र पार्टी निर्माणमा त्यसको महत्व ।
- पार्टी सदस्यता सम्बन्धी लेनिका मान्यता
- मार्तोभ र मार्तिनोभका गलत मान्यताहरु विरुद्ध लेनिनको संघर्ष
- लेनिनले विकास गरेको जनवादी केन्द्रीयताको सिद्धान्त
- पार्टी निर्माणका सम्बन्धमा माओत्सेतुङका प्रमुख शिक्षाहरु

२. नेकपा र पार्टी निर्माण

- पार्टी निर्माण सम्बन्धी अवधारणा
- सदस्यता र कमिटी प्रणाली
- पार्टी निर्माण र परिचालन सम्बन्धी लोकतान्त्रिक मान्यताहरु
- कार्यकर्ता निर्माण र परिचालन
- जनवर्गीय संगठनको निर्माण र सञ्चालन
- शैली, पद्धति र नेतृत्वकला
- कम्युनिष्ट नैतिकता, आचारण र जीवनशैली

**पाठ्य सामग्री**

१. पार्टी संगठनका सिद्धान्तहरु - लेनिन (अनु. निनु चापागाई)
२. नेपाल कम्युनिष्ट पार्टी र यसको कार्य पद्धति - पुष्पलाल
३. संगठनात्मक सिद्धान्तको सम्बन्धमा - मदन भण्डारी
४. पार्टीभित्रका गलत विचारहरुलाई सुधार्ने बारे - माओत्सेतुङ
५. उदारवादको विरोध गर,पार्टीको कार्यशैली सुधार गर - माओत्सेतुङ
६. पार्टी बारे - ल्यू शाओ ची
७. कार्यकर्ता र कार्यकर्ता नीति सम्बन्धमा - चेन युन
८. पार्टी संगठनको सिद्धान्त र कार्यपद्धति बारे - लेनिन, स्तालिन, माओ
९. अन्तर पार्टी संघर्ष बारे - ल्यू शाओ ची
१०. असल कम्युनिष्ट कसरी बन्ने ? - ल्यू शाओ ची

**विषय : व्यवस्थापन**

१. व्यवस्थापन सम्बन्धी सैद्धान्तिक ज्ञान

- व्यवस्थापनको परिभाषा
- व्यवस्थापनका आधारभुत सिद्धान्त
- व्यवस्थापन सम्बन्धी मार्क्सवादी दृष्टिकोण

२. कार्यालय व्यवस्थापन

- कार्यालय प्रमुखको भूमिका
- कार्यालय सचिवको दायित्व

- अभिलेख प्रणाली (फाइलिङ, चिठीपत्र आदि)
- जनसम्पर्क कसरी गर्ने
- संचार माध्यमको सदुपयोग
- रिपोटिङ, माइन्यूटिङ, सर्कुलर
- श्रोत व्यवस्थापन (भौतिक/आर्थिक/मानव श्रोत)

३. आर्थिक स्रोत परिचालन तथा लेखा व्यवस्थापन

- बजेट निर्माण र बैंक खाता सञ्चालन
- आर्थिक नियमावली र आर्थिक अनुशासन
- लेखा व्यवस्थापनका सैद्धान्तिक पक्षहरु
- लेखा व्यवस्थापन सम्बन्धी स्वीकृत मापदण्डहरु
- लेखा व्यवस्थापनका व्यवहारिक पक्षहरु
- लेखा परीक्षण

४. संगठन व्यवस्थापन

- कमिटी गठन, पुनर्गठन र कमिटी परिचालन
- बैठक/भेला/सम्मेलन/अधिवेशन/प्रशिक्षण/अन्तरक्रिया
- संगठन परिचालन
- कमिटी भित्रका समस्या समाधान (द्वन्द्व व्यवस्थापन)

५. निर्वाचन तथा अभियान व्यवस्थापन

- निर्वाचनको तयारी र निर्वाचन अभियान सञ्चालन
- उम्मेदवारको भूमिका र कार्यकर्ता परिचालन
- जनप्रतिनिधिहरुको काममा सहयोग पुऱ्याउने सवाल
- नारा निर्धारण र सामग्री निर्माण
- शक्ति परिचालन (जुलुश, सभा) र सुरक्षा व्यवस्था
- वार्ता/सम्झौता र उपलब्धीको रक्षा

६. प्रचार तथा प्रकाशन व्यवस्थापन

- पार्टीको मुखपत्र र पत्रिकाहरुको ग्राहक अभियान
- पार्टी सामग्रीहरुको वितरण
- पार्टी प्रकाशन सम्बन्धी सुझावहरुको संकलन
- सम्बन्धित कमिटीको मुखपत्र/बुलेटिन/सामयकि संकलनको प्रकाशन
- प्रतिवेदन, प्रस्ताव र पर्चाहरुको प्रकाशन
- इतिहास लेखन र प्रकाशन

७. समन्वय र अनुगमन

- कमिटीका पदाधिकारी र सदस्यहरु बीचको समन्वय
- कार्यालय र कमिटी सदस्यहरु बीचको समन्वय
- माथिल्लो र तल्लो कमिटी बीचको समन्वय
- पार्टी कमिटी र जनवर्गीय संगठनहरु बीचको समन्वय
- पार्टी कमिटी र जनप्रतिनिधिहरु बीचको समन्वय
- आफ्नो क्षेत्रका सरकारी र गैरसरकारी कार्यालयहरुसँगको समन्वय
- अन्य पार्टीहरुसँगको समन्वय
- नियमित र विशेष अनुगमन
- अनुगमनका निष्कर्षहरुको संश्लेषण

**पाठ्य सामग्री**

१. व्यवस्थापन वारे - विश्वेश्वरमान श्रेष्ठ
२. राजनीतिक सँगठनको आर्थिक व्यवस्थापन र लेखा - पुष्प कँडेल

**विषय : साहित्य, संस्कृति, कला र नैतिकता**

१. साहित्य
- साहित्य र सामाजमा त्यसको प्रभाव
- साहित्यका विभिन्न धाराहरु
- आम साहित्य र प्रगतिशील साहित्य
- साहित्यमा विचार र कलाको सम्बन्ध
- साहित्यमार्फत विचारको सम्प्रेषण
- साहित्य र संस्कृतिको अन्तरसम्बन्ध
- साहित्यको वर्ग पक्षधरता
- नेपालको प्रगतिशील साहित्य र समाजमा त्यसको प्रभाव
- जनवादी सँस्कृति निर्माणमा साहित्यको भूमिका

२. संस्कृति
- संस्कृतिको परिभाषा र महत्व
- संस्कृतिका वस्तुगत र मनोगत पक्षहरु
- साँस्कृतिक मूल्य मान्यता र नैतिकताको अन्तर्सम्बन्ध
- संस्कृतिमा प्रगतिशीलताको प्रश्न
- नेपाली सँस्कृतिका विशेषताहरु
- राष्ट्रिय जनवादी संस्कृति निर्माण सम्बन्धी मान्यता

३. कला
- कलाको परिभाषा, आमकला र प्रगतिशील कला
- कला र विचारको अन्तरसम्बन्ध

- कलाको वर्ग पक्षधरता

४. नैतिकता

- नैतिकताको परिभाषा, दर्शनमा नैतिकता
- कम्युनिष्ट नैतिकता र आचरण
- सामाजिक रुपान्तरणमा नैतिकताको सम्बन्ध
- नैतिक संहिता

**पाठ्य सामग्री**

१. साहित्य र कला - मार्क्स-एंगेल्स
२. नयाँ जनवादी संस्कृति - पुष्पलाल
३. बोल्गा से गंगा - राहुल साँकृत्यायन
४. भागो नही दुनियाको बदलो - राहुल साँस्कृत्यायन
५. प्राचीत मानव संस्कृति - पेशल दाहाल
६. देवासुर संग्राम - मोदनाथ प्रश्रित
७. कम्युनिष्ट नैतिकता - होची मिन्ह
८. Peimitive Culture (Vol. I & II) - E. B. Tylor
९. Social Evolution - V. Gorden Childe
१०. History of Modern Culture - M. Parmelee

**विषय : विज्ञान र प्रविधि**

१. विज्ञान

- विज्ञानको परिभाषा, क्षेत्र र विभाजन
- विज्ञानका विभिन्न शाखाहरुको महत्व र प्रयोजन
- विज्ञानको सदुपयोग र दुरुपयोगका प्रभावहरु
- मानव जीवनमा विज्ञानको प्रभाव

२. प्रविधि

- प्रविधिको परिभाषा, क्षेत्र र महत्व ।
- मानव जीवनमा प्रविधिको महत्व ।
- समाज विकासमा प्रविधिको योगदान ।

३. कम्प्युटर विज्ञान र सूचना प्रविधि

- कम्प्युटर विज्ञान र सूचना प्रविधिको सामान्य परिचय
- इमेल, इन्टरनेटको सामान्य परिचय
- ईमेल, ईन्छरनेटको प्रयोगात्मक ज्ञान
- पार्टी जीवन र सूचना प्रविधि
- मानव जीवन र सूचना प्रविधि

**पाठ्य सामग्री**

1. The network revolution - J. Vallee
2. Encyclopedia of computer science and technology - H. Henderson
3. Advances in production Technology- C. Brecher (Ed)

**विषय : स्वास्थ्य तथा वातावरण**

१. स्वास्थ्य र स्वास्थ्योपचार

- स्वास्थ्यका आधारभूत सवालहरु
- अस्वस्थ्यका मुख्य कारणहरु
- स्वास्थ्योपचारका मुख्य विधिः
    - यलोपेथिक विधि
    - होमियापेथिक विधि
    - आयुर्वेदिक विधि
    - प्राकृतिक चिकित्सा विधि
    - अक्कुपञ्चर विधि
    - अक्कुप्रेसर विधि

२. योग र स्वास्थ्य

- योग र योगासनको सामान्य परिचय
- योगका आठ अंग (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि)
- स्वास्थ्यको लागि योगको प्रभाव
- योगका व्यवहारिक पक्ष र केही अभ्यास

३. वातावरण र स्वास्थ्य

- वातावरणको सामान्य परिचय र स्वास्थ्यसँग त्यसको सम्बन्ध
- जनस्वस्थ्यको लागि वातावरणको महत्व
- जैव जगतको संरक्षणका लागि वातावरणको संरक्षण
- वातावरण स्वच्छ राख्न गरिनुपर्ने कार्यहरु

**पाठ्य सामग्री**

# पाँच

# विशिष्ट तह

**लक्षित पार्टी पंक्ति :** पार्टी केन्द्रीय कमिटी र आयोगका सदस्यहरु, जनसंगठनका केन्द्रीय पदाधिकारीहरु तथा पार्टीका प्रशिक्षक बन्न सक्ने व्यक्तिहरु । यस तहमा विषयगत समुह बनाएर स्वअध्ययन गर्ने र छलफल तथा अन्तरकृयात्मक सत्र सञ्चालन गर्ने विधि अवलम्बन गरिने छ ।

**विषय : दर्शनशास्त्र**

पाठ्यक्रमको उद्देश्य

यस पाठ्यक्रमको माध्यमबाट लक्षित पार्टी पंक्ति

१. दर्शनशास्त्रको महत्व, भूमिका र इतिहासवारे प्रष्ट हुने छ ।
२. प्राचिन दर्शनका विभिन्न धाराहरुको जानकारी प्राप्त गर्नेछ ।
३. मार्क्सवाद पूर्वका पूँजीवादी दार्शनिक प्रणाली बारे सामान्य जानकारी प्राप्त गर्नेछ ।
४. द्वन्द्धात्मक र ऐतिहासिक भौतिकबादबारे स्पष्टता हासिल गर्नेछ ।
५. दर्शनमा लेनिन र अन्य मार्क्सवादीहरुको योगदान वारे जानकारी प्राप्त गर्नेछ ।
६. समकालीन दर्शनका मुख्य धाराहरुबारे जानकारी प्राप्त गर्नेछ ।
७. जवजका दार्शनिक मान्यता वारे जानकारी प्राप्त गर्ने छ ।

**पाठ्यक्रम**

१. दर्शनको परिभाषा, वर्गीकरण र संक्षिप्त इतिहास :
   - मानव समाजको विकास र दर्शनको उदय
   - धर्म र दर्शन तथा दर्शन र विज्ञान
   - चिन्तनमा सामाजिक परिवेशको प्रभाव र दर्शनको पक्षधरता
   - सामाजिक जीवनमा दर्शनको प्रभाव
   - दर्शनका दुई मूलभूत प्रश्नहरु र दुईखाले उत्तर
   - भौतिकबाद र भाववाद
   - भाववादका दुई हाँगा : मनोगत र बस्तुगत
     - भौतिकवादका दुई हाँगा : द्वन्द्ववाद र अधिभूतवाद
     - दर्शनशास्त्रको संक्षिप्त इतिहास

२. द्वन्द्वत्मक भौतिकबाद :
   - परिभाषा, पदार्थ, गति र चेतना
     - द्वन्द्धात्मक भौतिकवादको परिभाषा र विषयवस्तु
     - पदार्थ सम्बन्धी मार्क्सवादी दृष्टिकोण
     - गति र यसका रुपहरु
     - पदार्थ र गतिको अन्तरसम्बन्ध
     - पदार्थको अस्तित्वका सार्वभौम रुप : दिक् र काल

- चेतना सम्बन्धी भौतिकवादी र भाववादी मान्यताहरु
- पदार्थको विकासको रुपमा चेतना
- समाजको विकासमा चेतनाको भूमिका

- द्वन्द्वात्मक भौतिकवादका मूल नियमहरु
  - -नियमको परिभाषा र यसका विशेषताहरु
  - -अन्तरविरोध, गुण र मात्रा
  - -दुई विपरित तत्वहरु वीचको एकता र संघर्ष
  - -मात्रात्मक परिवर्तन र गुणात्मक फड्को
  - -निषेधको निषेध

- द्वन्द्वात्मक भौतिकवादका प्रमुख प्रवर्गहरु :
  - -सार्वभौम र विशिष्ट
  - -सार र रुप
  - -कारण र कार्य
  - -संभावना र वास्तविकता
  - -अन्तर्वस्तु र आकृति
  - -नियमितता र आकस्मिकता

३. ऐतिहासिक भौतिकवाद

- ऐतिहासिक भौतिकवादको परिभाषा र क्षेत्र
- ऐतिहासिक भौतिकवादका मुख्य नियमहरु
  - भोतिक उत्पादन कार्यको प्रमुख भूमिका
  - आधार र अधिसंरचना वीचको अन्तर्सम्वन्ध
  - सामाजिक अस्तित्व र सामाजिक चेतना
  - वर्ग संघर्षको भूमिका
  - इतिहासका निर्माता श्रमजीवि जनता

- परिवार, वंश, गण, जन, जाति, राष्ट्र र अन्तर्राष्ट्र
- वर्ग र वर्ग संघर्ष :
- राज्य, यसको उत्पात्ति र विकास
- क्रान्ति र यसका वस्तुगत एवं मनोगत आधारहरु
- जनता, व्यक्ति र नेतृत्व :
  - इतिहासमा जनता र व्यक्तिको भूमिका
  - इतिहासमा नेतृत्वको भूमिका
  - ऐतिहासिक अनिवार्यता र मानव स्वतन्त्रता
  - सामाजिक चेतना र सामाजिक प्रगति

४. द्वन्द्वात्मक भौतिकवादी ज्ञान सिद्धान्त

- संवेदना र अनुभुति

- इन्द्रीयग्राह्य ज्ञान र तार्किक ज्ञान
- वैज्ञानिक ज्ञान र त्यसको विधि (निरिक्षण, प्रयोग, तुलना, परिकल्पना, समतुल्यता, मोडेल निर्माण आदि)
- संश्लेषण र विश्लेषण तथा आगमन र निगमन
- ज्ञान र व्यवहार
- सापेक्ष र निरपेक्ष सत्य

५. प्राचीन दक्षिण एशियाली दर्शन :

- वैदिक कालक दार्शनिक मान्यताहरु (प्रकृतिवाद, रहस्यवाद, तन्त्रवाद र ब्रम्हवाद)
- साँख्य दर्शन र प्रकृतिबाद
- जैन दर्शनको अणु सिद्धान्त र स्याद्वाद
- वौद्ध दर्शनको प्रतीत्यसमुत्पाद र अनात्मवाद
- लोकायतको सुसंगत भौतिकवाद
- न्याय दर्शनको तर्कशास्त्र
- वैशेषिकको परमाणु सिद्धान्त
- योगको साधनावाद
- मिमांशाको कर्मकाण्डवाद
- वेदान्तको ब्रह्मवाद

६. प्राचीन चिनियां दर्शन

- प्रकृतिवादी ताओवाद
- कन्फ्यूशियसवाद र अन्य धाराहरु
- बुद्धवाद र नव कन्फ्यूशियसवाद
- चिनमा भौतिकवादको प्राचीनता र विकास

७. प्राचीन यूनानी दर्शन

- प्रकृतिवादी भौतिकवाद र संख्यावाद (थेल्स, अनेक्सिभेण्डर, अनेकिसमेन्स पाइथागोरस)
- प्रारम्भिक द्वन्द्ववाद र परमाणुवाद (हेराल्कीट्स र डेमोक्रेट्स)
- शुद्धबुद्धिवाद र विज्ञानवाद (जेनोफेसन्स र एम्पेदोकल)
- मनोवाद, सोफीवाद र ज्ञानवाद (अनेक्सागोरस, पोर्टगोरस, गोर्जियस र सोक्रेट्स)
- वस्तुगत भाववाद र कारणवाद (प्लेटो र एरिस्टोटल)
- मानव चिन्तनमा यूनानी दर्शनका प्रभावहरु

८. युरोपेली पूंजीवादी दर्शन :

- मध्ययुगीन चर्च विरुद्धको संघर्ष
- युरोपको पुनर्जागरण
- फ्रान्सिस वेकनको आगमन र निगमन पद्धति

- थोमस हव्सको यान्त्रिक भौतिकबाद
- जोन लकको इन्द्रीयार्थवाद
- बर्कले र ह्यूमको चरम मनोगतवाद
- देकार्तको-वुद्धिवाद र स्पिनोजाको भौतिकवाद
- फ्रान्सेली भौतिकवाद (दिदेरो, लामेत्री, हेल्वेशियस र होल्वाख)
- कान्टको अज्ञेयवाद

९. रुसी क्रान्तिकारी जनवादी भौतिकवाद (वेलिन्सी, हर्जेन, चेर्निशेस्की दोब्रोल्यूवोव)

१०. हेगेलको भाववादी द्वन्द्ववाद र फायरवाखको अद्वन्द्ववादी भौतिकवाद

११. मार्क्सवादको प्रतिपादन र दर्शनमा क्रान्ति

१२ . दर्शनमा लेनिनका योगदानहरु :

- विज्ञानमा नयाँ क्रान्तिले दर्शनमा पारेको प्रभाव
- पदार्थर गतिको क्षेत्रमा
- पदार्थ र चेतनाको अन्तरसम्बन्ध वारे ।
- ज्ञान सिद्धान्तको क्षेत्रमा थप योगदान
- निरपेक्ष सत्य र सापेक्षसत्य सम्बन्धमा ।
- ऐतिहासिक भौतिकवादको क्षैत्रमा (युगको व्याख्या, राज्य र क्रान्तिको व्याख्या)
- पार्टी निर्माणका सैद्धान्तिक प्रश्नहरु
- रणनीति र कार्यनीति सम्बन्धी दार्शनिक अवधारणा
- साम्राज्यवादको विश्लेषण र एक देशमा क्रान्ति र समाजवादको निर्माण

१३. दर्शनमा माओका योगदान

- व्यवहार र ज्ञानको अन्तरसम्बन्ध बारे
- अन्तर्विरोध र यसका ठोस रुपहरु बारे
- शत्रुतापूर्ण र मित्रतापूर्ण अन्तरर्विरोध बारे
- अन्तरविरोधको सही सञ्चालन बारे
- निरन्तर क्रान्तिको 'सिद्धान्त' र माओमा देखिएको उग्रबामपन्थी भड्काव

